# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-२०७८/७९
च.नं.:- ९०६

मिति :- २०७८/०९/०२

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्व)को *सहजकर्ता (गणक)का लागि विज्ञापन आव्हान सम्बन्धी सूचना, अति विपन्न कृषकहरुलाई कृषि सामाग्री सहयोग कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना, तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सूचना, आ.व.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी *नागरिक/व्यक्ति/कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त सूचनाहरु थान ४ (चार) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ।

२०७८/०९/०२

.............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

खावाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९८०९८१८७७७, ९८०१३३२३३३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति :- २०७८/०९/०२

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) को आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ *आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता* कार्यक्रम सञ्चालनका लागि प्रथम र दोस्रो पटक प्रकाशित सूचना अनुसार माग भई आएका भूमे गाउँपालिका भित्रका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु मध्ये तपशिल बमोजिमका कृषक समूहहरु छनौट भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले *१५ दिन (२०७८/०९/१७ गते)भित्र* सम्झौताका लागि भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| क्र.सं. | छनौटमा परेका कृषक समूहहरुको नाम | ठेगाना | पकेट क्षेत्र | पकेट बाली/वस्तु | स्वीकृत अनुदान रकम (रु.) |
|---|---|---|---|---|---|
| १. | साकिम कृषक समूह | भूमे गा.पा.-४, तल्लो साकिम | साकिम | आलु | ५०,०००।- |
| २. | मखमली कृषक समूह | भूमे गा.पा.-४, तल्लो साकिम | साकिम | आलु | ५०,०००।- |
| | जम्मा | | | | १,००,०००।- |

सम्झौताका लागि आवश्यक कागजातहरुः

- कृषक समूहको निवेदन र छाप ।
- कृषक समूह अध्यक्षको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- कृषक समूहको अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी ।
- कृषक समूह दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषक समूह स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७७/७८ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

२०७८/०९/०२

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागि:

१. कृषि प्रसार अधिकृत स्वतन्त्र राज चौधरी :- ९८२२९८३८२६
१. ना.प्रा.स. विशाल पुन मगर :- ९८१३६०८६९६
२. ना.प्रा.स. शिखर विश्वकर्मा :- ९८०६२९११२५